भीमेश्वर नगरपालिका

दोलखा जिल्ला, प्रदेश नं. ३

# भीमेश्वर नगरपालिका राजपत्र

**नगर कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड : १ संख्या : ४ मिति: २०७५/०१/८


**भाग-१**

## प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रमाणिकरण मिति: २०७५/०१/८

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम भीमेश्वर नगरपालिका क्षेत्रभित्र लागू हुने गरी नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन भीमेश्वर नगरपालिका क्षेत्रभित्र तुरुन्त लागूहुने छ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) “नगरपालिका” भन्नाले भीमेश्वर नगरपालिका सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने अधिकृतलाई सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाउने अधिकार** : संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य, जिम्मेवारी निर्वाह गर्न आवश्यक मापदण्ड तथा अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

**४. खारेजी र बचाऊ :** यो ऐन बन्नु अगाडि कार्यपालिकाबाट भएका प्रशासकीय प्रकृतिका निर्णय र आदेश यसै ऐन बमोजिम भएको मानिने छ ।

आज्ञाले,

शंकर नेपाल

प्रमुख प्रशासकीय अधिकृत